नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : ..........................

विषय :- **प्रेस विज्ञप्ति**

चीनको हुबेइ प्रान्तस्थित विभिन्न ११ सहरमा अध्ययन तथा अन्य कार्य गरी बसोवास गर्ने नेपाली नागरिकहरूलाई मिति २०७६/११/०४ गते बिहान नेपाल वायु सेवा निगमको राष्ट्रिय ध्वजाबाहक जहाजबाट सुरक्षित तवरबाट नेपाल ल्याइएको छ । नेपाल आउनका लागि आवेदन गरेका १८५ जना मध्ये ३ जना पुरुष र १ जना महिला गरी जम्मा ४ जनाले नेपाल आउन अनिच्छुक रहेकाले १८१ जनाको मात्र चीनको उहान स्थित अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्य परीक्षण गरिएको थियो । स्वास्थ्य परीक्षण गर्ने क्रममा शङकास्पद लक्षण देखिएका ६ जना (४ जना पुरुष र २ जना महिला) लाई चीनमा नै सुरक्षित तवरले उच्च स्वास्थ्य निगरानीमा राखिएको हुनाले जम्मा १७५ जना नागरिकहरुलाइ नेपाल ल्याइएको छ । यसरी नेपाल ल्याइएका नागरिकहरूमध्ये १३५ जना पुरुष, ४० जना महिला (बच्चा सहितको २ परिवार समेत) हुनुहुन्छ । चीनको उहानदेखि काठमाडौंसम्मको यात्राको क्रममा कुनै पनि यात्रुहरूलाई स्वास्थ्य समस्या नदेखिएको एवम् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणपश्चात गरिएको स्वास्थ्य परिक्षण (Health Screening) मा कुनै पनि नागरिकलाई स्वास्थ्य समस्या नदेखिएकोले सबैजनालाई सुरक्षित तवरले भक्तपुर खरिपाटीस्थित क्वारेन्टाइन गृहमा राखिएको छ । क्वारेन्टाइनस्थलमा रहेका १७५ जना व्यक्तिहरूको घाँटीको स्वाव (Throat Swab) नमूना सङ्कलन भैरहेको छ । क्वारनटाइनको सम्पूर्ण अबधिभर नियमित स्वास्थ्य जाँच, शंकास्पद लक्षण देखिएमा प्रयोगशाला परीक्षणको व्यवस्था तथा अस्पतालहरुमा आइसोलेसनमा राखेर उपचार गर्ने गरी सम्पूर्ण व्यवस्था मिलाईएको छ । कोभिड-१९ स्वास्थ्य समस्याको प्रकोप भएको स्थलवाट नेपाली नागरिकहरूलाई नेपाल ल्याई क्वारेन्टाइन गरी राख्रे कार्यमा रचनात्मक सुझाव, सक्रिय सहयोग र सदभावपूर्ण योगदान गर्नुहुने सम्पूर्ण निकाय एवम् महानुभावहरू प्रति स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक आभार व्यक्त गर्दछ ।

सम्पूर्ण नेपालीहरुको स्वास्थ्य सुरक्षाका विषयमा यस मन्त्रालय प्रतिबद्ध रहेको जानकारी गराउदै सवैलाई आफ्नो स्वास्थ्य अवस्थाबारे सचेत रहन, रोकथामका उपायहरू अवलम्बन गर्न र कुनै लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्पूर्ण नागरिकहरूमा अपिल गर्दछ ।

मिति: २०७६/११/०४

.........................
महेन्द्र प्रसाद श्रेष्ठ
प्रवक्ता